नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)

सानोठिमी, भक्तपुर

## विषय दर्ता फाराम भर्ने सम्बन्धी सूचना

शैक्षिक सत्र २०८२/८३ मा कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरूको विषय दर्ता फाराम प्रविष्टी (Entry), रकम दाखिला एवं फाराम बुझ्ने/बुझाउने सम्बन्धमा तपसिल अनुसार गर्न/गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. माध्यमिक शिक्षा परीक्षा (SEE) मा न्यूनतम १.६ GPA प्राप्त गर्ने विद्यार्थीहरूको मात्र कक्षा ११ मा विषय दर्ता आवेदन फाराम भर्नु/भराउनु पर्नेछ । विषय दर्ता आवेदन फारामको ढाँचा बोर्डको वेवसाइटमा उपलब्ध हुनेछ ।

२. विषय दर्ता आवेदन फारामका साथ प्रधानाध्यापकबाट प्रमाणित गरिएको माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १० को ग्रेडसिटको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

३. विषय दर्ता आवेदन फाराम बापतको शुल्क २०८२ कात्तिक १६ गते (सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) सम्म विलम्ब शुल्क रहित (प्रति विद्यार्थी रु. ४००।-) बोर्डका सम्बन्धित कार्यालयको खातामा दाखिला गरिसक्नुपर्ने र सो समयमा रकम दाखिला गर्न नसक्ने विद्यार्थीहरूको हकमा २०८२ कात्तिक ३० गते (सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) भित्र विलम्ब शुल्क सहित (प्रति विद्यार्थी रु. ८००) का दरले हुन आउने रकम दाखिला गरी मिति २०८२ मंसिर ७ गतेभित्र कुनै पनि विद्यार्थीको विषय दर्ता फारम नछुट्ने गरी सम्बन्धित विद्यालयहरूले बैंक भौचर वा Online Payment भौचर र विषय दर्ता आवेदन फाराम बोर्डको सम्बन्धित कार्यालयमा बुझाइ सक्नुपर्नेछ ।

४. अतिरिक्त विषय अध्ययन गर्न चाहने विद्यार्थीहरूले समेत अनिवार्य रुपमा आफूले अध्ययन गर्न चाहेको विषय विषय दर्ता फारममा उल्लेख गर्नुपर्ने छ ।

५. विषय दर्ता आवेदन फाराम विद्यार्थी स्वयंले भरेको हुनुपर्नेछ । विद्यार्थीहरूको उक्त विवरणलाई सम्बन्धित विद्यालयले अनलाईन (Online) मार्फत प्रविष्टी (Entry) गर्ने व्यवस्था गरिएको छ । अनलाईन (Online) प्रविष्टी (Entry) गर्नका लागि बोर्डको Website: neb.gov.np मा राखिएको Subject Registration (Grade 11) भित्र गई ईन्ट्री गर्ने गरी मिति २०८२ कात्तिक ११ गतेदेखि ऐ. मसिर ०७ गतेसम्मको समयावधि कायम गरिएकोले सोही अनुसार समयमै विषय दर्ता फारामको अनलाईन प्रविष्टी (Online Entry) गर्नुहुन सम्पूर्ण विद्यालयहरूलाई अनुरोध गरिन्छ ।

६. विषय दर्ता फाराम Online Entry सम्बन्धी Guideline र Video बोर्डको Website मा राखिएकोले तहाँबाट समेत थप जानकारी प्राप्त गरी विषय दर्ता फाराम भर्न/भराउनुहुन समेत अनुरोध गरिन्छ ।

७. कक्षा ११ मा अध्यापनका लागि नयाँ सम्बन्धन प्राप्त विद्यालयहरूले विद्यार्थीको विषय दर्ता ईन्ट्री गर्नका लागि विद्यालय कोड प्राप्त गर्नुपर्ने हुँदा बोर्डका सम्बन्धित कार्यालयमा सम्पर्क राखी Online Subject Registration प्रवृष्टि गर्नुहुन अनुरोध गरिन्छ ।

***पुनश्च:*** राष्ट्रिय परीक्षा बोर्डका सम्पूर्ण कार्यालयहरूले आ-आफ्नो कार्य क्षेत्रभित्रका विद्यालयहरूलाई जानकारी गराई यसै सूचना बमोजिम गर्नु/गराउनुहुन अनुरोध गरिन्छ ।

– परीक्षा नियन्त्रक